नेपाली राजदूतावास, सिओल
Embassy of Nepal, Seoul
주한 네팔 대사관, 서울

Ref No. :

## राहदानी नवीकरण सम्बन्धमा अत्यन्त जरुरी सूचना !!!

राहदानी विभागले नयाँ प्रणालीमार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिकालगायतको आवश्यक तयारी गरिसकेको र अबको एक महिनाभित्रमा हालको प्रणालीबाट नयाँ प्रणालीमा रुपान्तरण हुने जानकारी प्राप्त भएको छ। नयाँ प्रणाली कार्यान्वयन भएपश्चात प्रणाली स्थिरीकरण (System Stabilization) हुन १ देखि ३ महिनासम्म लाग्न सक्ने भएकाले उक्त अन्तरिम अवधिमा नियोगबाट आवेदन दिएका सेवाग्राहीहरुको नयाँ राहदानी तयार भई जारी हुन २-३ महिनासम्म समय लाग्न सक्ने छ।

अत: उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी ४ महिना अर्थात २०८३ असोज भित्रमा) राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीले अन्तरिम अवस्था सुरु हुनुअघि (अर्थात २०८३ आषाढ २० अघि) नै यस राजदूतावासबाट नियमानुसार राहदानी सेवा लिन हुन अनुरोध गरिन्छ। सोभन्दा बढि म्याद हुने सेवाग्राहीहरुले नयाँ प्रणाली सुरू भएपछि वा यसै प्रणालीबमोजिम राहदानी नवीकरणका लागि आवेदन दिन सक्नुहुनेछ। विषेशगरी निकट भविष्यमा भिषा थप्नुपर्ने अवस्था भएका सेवाग्राहीहरुले यो सूचनाबमोजिम राहदानी नवीकरणका लागि आवेदन दिनुहुन अनुरोध गरिन्छ।

पुरानो राहदानीको Validity Period १ वर्ष भन्दा बढी भएको अवस्थामा राहदानी नवीकरण हुने छैन। सेवाग्राहीहरुलाई सुसूचित गराउने उदेश्यले दूतावासले जारी गर्ने अन्य विविध सूचना दूतावासको Website, Facebook Page,र Tiktok Page Follow गरी प्राप्त गर्न सकिने ब्यहोरासमेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८३/०२/२२

नेपाली राजदूतावास, सिओल
गणतन्त्र कोरिया
५ जुन २०२६

Tel : (02)3789-9770~1 Fax : (O2) 736-8848 www.kr.nepalembassy.gov.np
Email : eonseoul@mofa.gov.np, nepembseoul@yahoo.com, nepembseoul2015@gmail.com
19, 2 gil, Seonjam-ro, Seongbuk-gu, Seoul [02823]